बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
बागमती प्रदेश, नेपाल ।

प.सं. : २०७६।०७७
च.नं. :

२०७६।०५।१८

# सूचना!

**विषयः-जलस्रोत उपयोग गर्ने सम्बन्धमा ।**

जलस्रोत उपयोगको अनुमती प्रदान गर्नको लागी तपशीलको कार्यविधी अनूरुप अनुमती पत्र प्रदान गरिने भएको हुँदा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशीलः-

सर्वप्रथम जल उपभोक्ता समिति गठन गरी उक्त समितिले मुल दर्ताको लागि वडा कार्यालयमा निवेदन दिनुपर्ने छ ।

१ सम्बन्धित वडा कार्यालयले उक्त जल उपभोक्ता समितिको निवेदनको सम्बन्धमा कुनै उजुरी वा गुनासो यकिन गर्नको लागि ६० साठी दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

२ उक्त अवधी पश्चात जल उपभोक्ता समितिले मुल दर्ताको सम्बन्धमा कुनै पनि गुनासो वा उजुरी नरहेको भन्ने किटानी सहितको निर्णय वडा समितिबाट गराई सो को प्रतिलिपी सहित वडा कार्यालयबाट जल उपयोगको सिफारिश ल्याउनुपर्ने छ ।

३ जलस्रोत उपयोगको आर्थिक, प्राविधक, सामाजिक र वातावरणीय अध्ययन सहितको प्रतिवेदन र वडा कार्यालयको सिफारिशसाथ नगरपालिकामा पेश भएको निवेदनको सम्बन्धमा पुनः ३० तीस दिनको सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

४ उक्त अवधि पश्चात सो निवेदन उपर ऐनको दफा १३ मा व्यवस्था भएको तपशील बमोजिमको स्थानीय जलस्रोत समितिको बैठक बसी परेका गुनासो/उजूरी समेतको अध्ययन गरी जलस्रोत उपयोगको अनुमती दिने वा नदिने भनी निर्णय गर्नेछ ।

५ स्थानीय जलस्रोत समितिको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धीत जलउपभोक्ता समितिलाई जल उपयोगको अनुमती पत्र प्रदान गर्नेछ ।

अनुमती पत्र प्राप्त गर्दा तोकियबमोजिमको शुल्क लाग्नेछ र प्रत्येक वर्ष नविकरण गराउनुपर्नेछ ।

२०७६।०५।१८
शिवराम अधिकारी
अधिकृत (सातौं)



Scanned with CamScanner